*Humanities and Social Sciences Journal,* Volume 14, Number 2, 2023, pp. 116–126

# वैरागी काइँलाका कवितामा पर्यावरण चेतना

**डा. गीता त्रिपाठी** *

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानमूलक लेखमा कवि वैरागी काँइलाका कवितामा प्रस्तुत भएका विविध पर्यावरणीय पक्षाको विश्लेषण गरी उनका कवितामा अभिव्यञ्जित भएका पर्यावरणसम्बन्धी चिन्तनको स्वरूप पहिल्याइएको छ । पर्यावरणीय विषय वर्तमान विश्वमा सबैभन्दा धेरै चिन्ताको विषय बन्दै गइरहेको छ । प्रकृतिमाथि मानिसको नियन्त्रणको प्रयास र उपभोक्तामुखी जीवनशैलीका कारणले मानवेतर प्राणीसँगै स्वयम् मानिसकै जीवन पनि सङ्कटग्रस्त बन्दै गएको छ । यसै कथ्यको केन्द्रीयतामा रही रचना गरिएका स्थानीय परिवेशसँग सम्बद्ध विविध कविताहरूको विश्लेषणबाट पर्यावरण र मानिसको सम्बन्धलाई नियाल्ने सन्दर्भमा यहाँ वैरागी काइँलाका कविताका सोद्देश्य छनोट गरिएका साक्ष्यहरूको विश्लेषण गरिएको हो । कवितामा निरन्तर सांस्कृतिक परिवेशका सापेक्षमा पर्यावरणीय चिन्तन प्रस्तुत गर्ने काइँला नेपाली जीवन र प्रकृतिप्रतिका सचेत कवि हुन् । उनका कविता चिन्तनमा आधारितयो अध्ययन पर्यावरणीय समालोचनाका सैद्धान्तिक पद्धतिलाई आधार मानी नेपाली कविताको पाठपरक विश्लेषण गर्ने उद्देश्य लिएर पूरा गरिएको हो । यस गुणात्मक अध्ययनबाट काइँलाका कविताहरू पर्यावरणीय सचेतता र ह्रासोन्मुख सांस्कृतिक पक्षाका विषय प्रस्तुतिका हिसाबले सफल रहेको निष्कर्ष प्राप्त भएको छ ।

***शब्दकुञ्जी :*** उपभोक्तामुखी, पर्यावरणीय, मानवीय, मानवेतर, ह्रासोन्मुख

## विषयपरिचय

आधुनिक नेपाली कविताको विकासकालदेखि नै निरन्तर योगदान दिने कवि वैरागी काइँला (१९९६, साउन २५) मूलतः जीवनका विसङ्गतिहरूलाई कथ्यका रूपमा ग्रहण गरी प्रयोगपरक शैलीमा कविता निर्माण गर्ने कवि हुन् । उनका अधिकांश कविताहरू प्रतिनिधि सँगालोका रूपमा प्रकाशितवैरागी काइँलाका सङ्कलित कविता (२०७६) शीर्षकको कृतिमा उपलब्ध छ । यसअघि उनका कविताहरू वैरागी काइँलाका कविताहरू (२०३१) र अन्धा मान्छेहरू र हात्ती (२०६८) गरी दुई कृतिका रूपमा प्रकाशित भएको पाइन्छ भने मातेको मान्छेको भाषण र अन्य कविताहरू

* *उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।*

*इमेल : poetgeeta@gmail.com*

तथा मेरो हजुरका कविताहरू गरी दुई उपशीर्षकहरू पछिल्लो कृतिमै सङ्कलित भई प्रकाशित छन् । उनका अन्य सोह्र ओटा गीतहरू समेत सङ्कलन गरी उनको पछिल्लो सङ्कलन एकमुष्ठ प्रकाशन गरिएको छ ।

वैरागी काइँलाका कवितामा आदिवासी जीवनको गहिरो अनुभूति र जीवनदर्शन प्रकट भएको हुन्छ । उनका कवितामा प्रकृति र जीवनको सम्बन्धलाई व्यापक अर्थमा अभिव्यञ्जना गरिएको पाइन्छ । उनी जीवनका अप्ठ्याराहरूलाई प्रकृतिको सान्निध्यमा पुगेर सहज बनाउन सकिने अभिप्रेरणाका साथ विशेष आकारका मिथकीय कविता रचना गर्ने कवि हुन् । जीवनको सम्पूर्णताको खोजी गर्ने त्रिआयामिक पक्षाको सैद्धान्तीकरणबाट आयामेली आन्दोलनका मान्यताहरूको चयनमा उनको विशिष्ट भूमिका रहेको पाइन्छ । उनका प्रकृतिकेन्द्री कविताहरू पर्यावरणीय अध्ययनका निम्ति समेत उपयुक्त रहेका छन् ।

प्रचलित समालोचनाले निर्वाह गर्दै आएको मानवकेन्द्री दृष्टिकोणबाट अलग्गै रही प्रकृतिकेन्द्री अध्ययनको महत्त्वलाई उजागर गर्ने नवीन समालोचना चिन्तनका रूपमा पर्यावरणीय समालोचनाको आरम्भ भएको हो । बिसौं शताब्दीको मध्यतिर विभिन्न कारणले वातावरणमा देखापरेको सङ्कटको समाधानका निम्ति वातावरण विज्ञहरूको चिन्तनबाट प्राप्त भएको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, सन् २००६, पृ. ५३१) । यसमा साहित्य र पर्यावरण बिचको सम्बन्धको अध्ययन गरिन्छ । यस अध्ययनमा प्रकृतिको केन्द्रीयताको विश्लेषण गरिन्छ । पर्यावरणलाई पहिले विज्ञानको विषय मानिएको थियो । विज्ञानकै उन्नतिले गर्दा प्रकृतिको विनाश हुँदै गएपछि दोस्रो विश्वयुद्धयता पर्यावरण बचाउनका लागि पहिले विज्ञान नै अग्रसर भएको देखिन्छ । सन् १९९० को दशकबाट साहित्य पनि विज्ञानका संरक्षणमुखी क्रियाकलापसँगै सहकार्यमा सहभागी हुँदै आएको छ । नेपाली कवितामा पनि यसको आरम्भ लोक र माध्यमिक कालीन कविता हुँदै आधुनिककालमा आएर यसले आफ्नो चिन्तनको विषय क्षेत्रलाई विस्तृत बनाएको पाइन्छ ।

नेपाली कवितामा वैरागी काइँलाका कविता पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण देखापरेका छन् । उनले प्रकृतिलाई जीवनको अन्तरङ्ग सम्बन्धमा प्रस्तुत गरेका छन् । उनी प्रकृतिभन्दा फरक हुँदै गएको मान्छेको अनुहार लिएर कविताको मञ्चमा स्पष्ट उभिएका कलाकार हुन् भन्ने बोध उनको चित्रात्मक कविताले बारम्बार अनुभूत गराइरहन्छ । कवितामा पाठकलाई दर्शकको समेत भूमिका दिने उनका कवितामा प्रकृतिको बहुआयामिक गुणहरू उपस्थित छन् । उनका कविताका सन्दर्भमा वासुदेव त्रिपाठी लगायतका अध्येताहरूले समालोचना गरेका छन् । उनका कवितामा आएका प्रयोगवाद, विसङ्गतिबोध र मिथकीयतालाई लिएर अध्ययन गरिएको पाइए तापनि प्रकृति-पर्यावरणका पक्षाबाट समालोचना भएको पाइँदैन । वर्तमान विश्वको सबैभन्दा ठूलो समस्या नै मानिस र प्रकृतिबिचको बढ्दो भौतिक र मानसिक दुरी हो । यसले प्राणी र वनस्पतिका जीवनमा विस्थापनको सङ्कट निम्त्याइरहेको छ । यस सन्दर्भमा वैरागी काइँलाका आदिमता र प्रकृति चिन्तन भएका कविताको विश्लेषण गरिनु औचित्यपूर्ण रहेको छ । अतः यस अध्ययनमा वैरागी काइँलाका पर्यावरणीय दृष्टिले व्याख्येय कविताका साक्ष्यहरूको विश्लेषण गरी उनका कवितामा स्थापित भएका प्रकृति र मानिसको सम्बन्धको मूल्याङ्कन गरिएको छ ।

## सामग्री सङ्कलन र अध्ययन विधि

वैरागी काइँलाका कविताहरू यस अध्ययनका निम्ति प्रयुक्त प्राथमिक सामग्री हुन् । उनका कविताका सन्दर्भमा भएका समीक्षा, समालोचना र पर्यावरण सिद्धान्तका लेख तथा कृतिहरू द्वितीयक सामग्री हुन् । यी दुवैथरी सामग्री पुस्तकालय अध्ययनबाट प्राप्त गरिएका छन् । काइँलाका सोद्देश्य छनोट गरिएका कविताहरूको पाठपरक विश्लेषण तथा मूल्याङ्कन विधिबाट यो गुणात्मक अध्ययन पूरा गरिएको छ ।

**पर्यावरण र मानिसको सम्बन्धका दृष्टिले वैरागी काइँलाका कविता**

पर्यावरणले प्रकृति, वातावरण र यसभित्रका जैविक विविधतालाई बुझाउँछ । पर्यावरणीय समालोचनाको प्रारम्भकर्ता सेरिल ग्लोटफेल्टी र ह्यारोल्ड फ्रोम (सन् १९९६) का अनुसार पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टिगत रूप नै पर्यावरण हो (पृ. xix)। प्रकृति नै सबै ज्ञानका शाखा वा विषयको स्रोत र आधार हो । पृथ्वीविना सबैमाथि शून्यताले आधिपत्य जमाएको हुन्थ्यो । त्यसैले के र कसरी भन्दा पहिले कहाँ भन्ने प्रश्नको उत्तरलाई पर्यावरणीय समालोचनाले महत्त्व दिएको हुन्छ अथवा कहाँको उत्तरले मात्र के को उत्तरलाई पूरा गर्दछ । यसको कारण के हो भने राजनीति, संस्कृति, मानवशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, भूगोल र जनसङ्ख्याको उपस्थिति आदि जीवनदायी वा जीवन बचाउने पृथ्वी वा धर्तीकै कारणले मात्र सम्भव भएका आश्रित विषय हुन् । त्यसैले पृथ्वीलाई बचाउनका निम्ति समतामूलक वितरण र आवश्यकता अनुसारको उपभोगमा ध्यान दिनु आवश्यक ठानिन्छ (भरुचा, सन्, २०१५, पृ. ५३) । वर्तमान विश्वका मानिसको आत्मकेन्द्री प्रवृत्तिले पृथ्वीप्रतिको साझा भावना जोगाउन कठिन बन्दै गएको छ । यसैले पनि प्रकृति र पर्यावरणीय विषयलाई पछिल्ला अध्ययनहरूमा ज्ञान र कलाका सबै शाखासँग सम्बद्ध चिन्तनको विषयका रूपमा लिइएको छ ।

पर्यावरण र साहित्यलाई मिलाएर अध्ययन गरिने अन्तरानुशासनको विषय चाहिँ पर्यावरणीय समालोचना हो । पारिस्थितिक पद्धति अन्तर्गतको समग्र जैविक पक्ष कुनै न कुनै रूपमा साहित्यमा प्रयुक्त हुने गर्दछ । यही प्रयुक्तिका आधारमा कुनै पनि साहित्यिक कृति पर्यावरणीय हो या होइन भनी निरूपण गर्ने काम पर्यावरणीय समालोचनाले गर्दछ । वैरागी काइँला कवितामा उनी स्थानीय प्रकृति र जीवनका सम्बन्धलाई जीवन्त बोकिहिँडेका अथक यात्री भएका पाइन्छ । उनका वाणी र व्यवहारमा झल्कने संस्कृतिको भिन्दै एउटा अदृश्य तर अनुभूतिमा तैरिएर निरन्तर आकर्षण दिइरहने स्वर उनका कविताका पनि गुणात्मक पक्ष हुन् । आयामेली आन्दोलनपूर्वको दार्जीलिङ र त्यस वरपरको जीवन र प्रकृतिका छटाहरू वैश्विक चिन्तनका साथ प्रकट गर्नु उनको कविता यात्राको प्रारम्भदेखि निरन्तर विस्तारित हुँदै आएको काव्यिक स्वभाव हो । काइँलाका प्रयोगवादी कवितालाई क्लिष्ट भन्नुभन्दा पनि जीवनको समरूप मानिनुको मुख्य कारण उनको युग-चिन्तन नै हो, जुन यथार्थको प्रकटीकरणमा विम्बात्मक किसिमले प्रकट भइरहेका हुन्छन् । यहाँ मानिस र प्रकृतिका सन्दर्भमा उनले कवितामा अभिव्यक्त गरेका जीवनका आयामहरू गहन प्रकृतिका छन् । यस अध्ययनमा वैरागी काइँलाका सङ्कलित कविता (२०७६) मा सङ्कलित कविताहरूबाट साक्ष्यहरू प्रस्तुत गरिएका छन् :

...खस्यो  
यौटा दिन विश्वास फुत्किएर...

अणुबमको ध्वंश बोकेर मान्छेको निधारमाथि ।
छेक्न सकेन परेवाका पखेटाले युद्ध,
बौराउन सकेनन् गुलाबले खण्डहर
घाउ भरिनै पाएन च्यातिएको मानचित्रको ।
फेरि एकपल्ट
पृथ्वी ध्वस्त भयो, यो क्षण ।
फेरि एकपल्ट
मान्छेका मृत्यु निर्विरोध भयो, क्षण
गङ्गा र जमुना भाँचेर हाँगा र झिक्राहरूमा... ।
(पृ.८४)

उल्लिखित कवितांशमा पर्यावरण र मानिसको सम्बन्धलाई विस्तृत परिवेशबाट प्रकट गरिएको छ । दिन खस्नु प्रकृतिका सन्दर्भमा मानिसको आन्तरिक सम्बन्धसँग सम्बद्ध पक्ष हो । कविले एक दिनलाई एक जीवनको पूर्णतासँग तुलना गरेका हुन् । उक्त कविता रचनाको परिवेश दोस्रो विश्वयुद्धपछिका केही आस लाग्दा क्षणहरूपुनः निराशामा परिणत भएका घटनाप्रति लक्षित छ । अणुबमको आतङ्कमा परेको विश्व पटक पटक मानिसप्रतिको विश्वास गुमाउँदाको पीडा बाँचिरहेको स्थिति दृश्यमा प्रकट भएको छ । प्रकृतिको शीतलतालाई मानिसका अहम्ले निलेका वेला परेवाका पखेटा अर्थात् स्वतन्त्रता र मुक्तिका कामनाहरू कुण्ठित भएका र युद्धलाई छेक्न नसकेको प्रकृतिको भयावहतालाई कवितामा प्रस्तुत गरिएको छ । यहाँ प्रकृति र मानिसको सम्बन्धबीच सुरु भएको कृत्रिमता, उपभोगवादी प्रवृत्ति र पुँजीवादी सङ्कल्पतिर ढल्किगएको विश्वबजारीकरणको शाब्दिक मूर्तीकरणमा कवि काइँलाको चिन्तन परिलक्षित छ । यहाँ परेवा, गुलाब, नदी हुँदै सिङ्गै पृथ्वीको अवसानतिर मानिसको अहम्को राज चल्दै गरेको भाव व्यक्त हुँदा पर्यावरणप्रति अनुत्तरदायी हुँदै गएको विश्व मानव र उसका कारण प्रकृति र प्राणीका छोट्टिँदै गएको भविष्यको आयु प्रतिबिम्बित भएको छ । प्रकृति एउटा स्वतन्त्र सत्ता हो, जो आफैमा पूर्ण छ । यो पूर्णताभित्र अनेक तत्त्वहरू छन् । जीवन र जगत्को विस्तारित परिवेशभित्र अस्तित्वमा रहेका प्राणीहरू प्रकृतिसँगको साहचर्यले नै अस्तित्वमा आएका हुन् (त्रिपाठी, २०७४, पृ. ७१) । मानिसले आफू पनि प्रकृतिको एउटा अंश हुँ भन्ने कुरा नबुझेको कुरा कवितामा सूक्ष्मतापूर्वक प्रस्तुत छ । गङ्गा र जमुना भाँच्नु नदीलाई अनेक मानव फाइदाका उत्पादनतिर डोऱ्याउनु हो, यहाँ स्त्रीको दोहन पनि सँगसँगै अनुबोध हुन्छ । मुन्धुम संस्कृतिका दैनिकी र खुला विश्वको चरित्रका बीच पृथ्वीको आराधना गर्ने कवि काइँलाले मातृशक्तिलाई भूप्रकृति र सिर्जनशीलताका परिप्रेक्षमा चिन्तन गरेका छन् । उनी प्रकृति विरोधी नियतबाट निम्त्याइएका हिंसालाई पृथ्वीको अन्त्यको आरम्भ मान्छन् । कवितामा विश्वयुद्धहरू पछिको निराशा व्याप्त छ । अणुशक्तिको असचेत प्रयोगले ल्याएको मस्तिष्क शून्य बनाउने पर्यावरणीय प्रदूषण यस कविताको सन्दर्भ हो ।पर्यावरण बचाउका लागि मानिसले मन, शरीर र भूमिको शमन गर्नुपर्ने मान्यता रहेको देखिन्छ (वानजा, सन् २०११, पृ.१५)। अज्ञानताद्वारा सन्तुलन नष्ट हुँदा मन रोगग्रस्त बन्नु, रोगी मनले माटोलाई विषयुक्त बनाउनु, विषयुक्त माटोबाट शरीरमा बिष नै प्रवेश हुनु पारिस्थितिक

चक्रको एउटा डरलाग्दो सत्य हो । पर्यावरण विनाशको मुख्य कारण नै विश्व संरचनामा मानिसको स्थानका बारेमा गलत धारणा बन्नु हो भन्ने गहन पर्यावरणवादीको विचार रहँदै आएको छ । सहअस्तित्व र करुणामा केन्द्रित नयाँ सर्वहित सदाचारबाट नै मन, शरीर, प्रकृति र भूमिमा नयाँ जग बसाउन सकिन्छ । कविताका उल्लिखित अंशमा युद्धतिर आकर्षित विश्वका विसङ्गत गतिविधिप्रति चिन्ता व्यक्त भएको छ ।

विविधताले भरिएको रहस्यमय वस्तुसत्ता मानिने यस प्रकृतिको मानिस पनि एउटा महत्त्वाकांक्षी सदस्य हो । सदियौंदेखि प्रकृति र मानिसको सहयात्रा वा सहसम्बन्धले सिर्जना पक्षलाई अधिकतम सुन्दर बनाएका दृष्टान्तहरू इतिहासको निरन्तरतामा सुरक्षित छन् । औद्योगिक क्रान्तिले पुँजीको वृद्धि गरे पनि मानवीय सोच र प्राकृतिक जीवनको अवमूल्यन गरेकाले रुसोको दर्शनलाई आत्मसात् गरी अङ्ग्रेजी कविहरू वर्डस्वर्थ, कलरिज, सेली, किट्स, वाइरन आदिले प्रकृतिको महत्त्वको गीत गाएर, जैविकता र मानवको सहअस्तित्वको आत्मपरक अनुभूतिमार्फत अतीतमुखी भई निर्मल, स्वच्छ र अपरिमित आनन्दयुक्त प्रकृतिको आन्तरिक प्रभुत्वमाथि कविता रचना गरेका थिए (जोशी, सन् २००९, पृ. ९५) । विज्ञानमुखी उपभोक्तावादी संस्कृतिका कारण धर्तीमा यस्तो स्थिति फेरि आइलागेको छ । अबका सिर्जनाहरू अहिलेकै युगका बेथिति र सङ्कटका साक्ष्य हुन् । कवि काइँलाका अधिकांश कवितामा युगका यिनै चित्रहरू छन् । यहाँ एउटा साक्ष्य प्रस्तुत छ :

...तेसवेला मेरा बलिया हातखुट्टाहरू पनि
जटायूका काटिएका पखेटाइँ खस्दछन्मानिसले आफूलाई सिङ्गार्नु कोटका कलरमा
फूल होइन, मानिसको मुटुकलेजो सिउरेका हुन्छन् ।
मानिसलाई सखाप पार्नु
अणुशक्ति र न्युक्लियर बम मात्र पर्याप्त छैन,
सौन्दर्यको अनुभूतिलाई प्लाष्टिकको फूलमा झुन्ड्याइदिए पुग्छ ।
(पृ. २४८-२४९)

मानिसले आफ्नो बुद्धि, चेतना र क्षमता तथा सामूहिक श्रमबाट प्रकृतिसँग अविभाज्य र अन्तरङ्ग रहेरै प्रकृतिमा आफ्नो छुट्टै अस्तित्व पनि बनाएको छ । यो भिन्नता निर्माणको होडबाजीमा उसले आफूले प्राप्त गरेको र गर्न बाँकी कैयौं विशिष्ट ज्ञान र विज्ञानको स्रोत र त्यसको प्रयोग गर्ने आत्मिक भूमि भने फेरि पनि पृथ्वी नै हो भन्ने सत्यलाई बेवास्ता गर्दै अघि बढेको छ । यस प्रकृतिमा रहेका ससाना जीवाणुदेखि भीमकाय जनावरसम्मका अस्तित्व रक्षा हुँदा अन्ततः मानव समुदायको जीवन रक्षा हुन्छ(त्रिपाठी, २०७४, पृ. ७१) । उल्लिखित कवितांशमा मानिसले विकासका नाममा निर्माण गरेका कृत्रिमताहरू र त्यस दैनिकीको प्रभावले मानिसमा देखापर्दै गएको संवेदनहीनताहरू सशक्त बिम्बमार्फत प्रकट भएको छ । मानिस र प्रकृतिको सम्बन्ध भनेको अन्योन्याश्रित छ । यसबाट विमुख हुने प्रक्रियासँगै मानिसको पनि अवसान आरम्भ हुन्छ । जटायूका पखेटा काटिएको पौराणिक सन्दर्भ ल्याएर कविले आजका मानिसको परिस्थिति प्रस्तुत गरेका छन् । आजका सन्दर्भमा यो मानिसको पर्यावरण विरोधी कर्म हो तर यसले मानिस स्वयंलाई

पनि आघात परिरहेको हुन्छ । अतः कवितामा हरेक जीव र पदार्थ आपसमा अन्तःनिर्भर रहेका छन् भन्ने भावलाई ध्वंसात्मक वृत्तिको आहट र त्यसबाट भुक्तभोगी मानिसका वर्तमानको क्रूरतामार्फत प्रस्तुत गरिएको छ ।

प्रकृतिको विनाश उपभोग संस्कृतिको सबैभन्दा डरलाग्दो परिणाम हो । यसले मानिसका सामाजिक, सांस्कृतिक, संवेदनात्मक तथा आध्यात्मिक निरन्तरतामा नै विचलन ल्याई जीवनशैलीमा नकारात्मक परिणाम ल्याइरहेको छ । "डार्बिनको जो बलियो छ प्रकृतिमा उसैले कमजोरलाई नाश गर्छ (सर्भाइभल अफ द फिटेस्ट) भन्ने विकासवादी सिद्धान्तका विपरीत अर्कोतिर आजको विश्वमा मानिस र प्रकृति एक अर्काका प्रतिद्वन्द्वी नभएर सहयोगी हुन् भन्ने विषयमा चिन्तन आरम्भ भइसकेको छ (जोशी, सन् १९९५, पृ. २०) ।" तर मानिसको तृष्णा मेट्न प्रकृति असमर्थ भइसकेको यथार्थ कवितामा "मानिसको मुटुकलेजो सिउरेका हुन्छन्" भन्ने वाक्यांशबाट प्रकट भएको छ । यसरी नै कवितामा प्रकृति हरियाली विमुख भएपछि निराशा, कुण्ठा र हत्या हिंसात्मक मनोग्रन्थीमा परिणत भइरहेको आजको विश्वमानवको चित्र प्रस्तुत छ । विस्थापनको समस्या झेलिरहेको आजको मान्छे प्लास्टिकको फूलमा जीवनको खास सौन्दर्य खोज्दाखोज्दै अस्तित्वविहीन भइरहेको पक्ष प्रस्तुत छ । जीवन सुवासविहिन हुनमा आजको मानिसको कृत्रिमतातिरको आकर्षण हो भन्ने भाव उल्लिखित कवितामा प्रकट भएको छ । प्लास्टिक युगप्रति सशक्त व्यङ्ग्य प्रस्तुत गरिएको यस कविताले जीवनहीनतातिर अग्रसर समाजप्रतिको गहिरो भावुकता प्रकट गरेको छ ।

एकातिर मानिसले प्रकृतिको निर्भरतामा अडिएर नै बाँकी विकासका कर्महरू गर्न सक्छ, अर्कोतिर उसले आफू प्रकृतिभित्रै एउटा सत्ता भएकाले यसबाट विच्छिन्न हुँदा आफ्नो सत्ता पनि त्यहीँ समाप्त हुने यथार्थलाई बुझ पचाएर प्रकृतिलाई विज्ञानका आविष्कारको प्रयोग भूमि र प्रविधिको क्रीडास्थल बनाएको छ । अ डिक्सनरी अफ मार्क्ससिस्ट थटमा प्रकृतिको आफ्नो स्वतन्त्र सत्ता हुनसक्छ तर मानिसका लागि यसको अर्थ मानवीय श्रमसँग जोडिएपछि मात्र हुनसक्छ भनिएको छ । कवि काइँलाको 'शरणार्थी विचार र मालीगाउँमा चितुवा' शीर्षकको कविताको एउटा कवितांश यहाँ प्रस्तुत गरिएको छ :

साइत हेर्ने काठको ठूलो भाँडो लुटिएपछि
प्रस्थानका लागि रनभुल्लमा परेर अनिष्टले चिन्ताग्रस्त
आफ्नै पाखोमा फड्के खेती गर्ने भस्मेबारीको
लालपूर्जा नहुँदा आश्चर्यचकित र हतास हतास
प्रश्न गर्दै थिए, किन भूमिहीन भयौँ हैं !

(पृ.१५०)

उल्लिखित कवितांश आधुनिकताका नाममा गरिएका कथित सुधारको राजनीतिप्रति लक्षित आदिवासीका विस्थापनसम्बन्धी विद्रोही चेतनाबाट प्रकट भएको अंश हो । मार्क्सले पुँजीवादी उत्पादन तथा प्रविधिको विकास र विभिन्न किसिमका सामाजिक प्रक्रियाको संयोजन गर्दै मजदुर र माटो तथा प्रकृतिका प्राकृतिक स्रोतको दोहनको अन्त्य भएपछि मात्र सुन्दर विश्वको निर्माण हुने विचार आफ्नो वर्ग सङ्घर्षका कारणहरू

प्रस्तुत गर्ने सन्दर्भमा व्यक्त गरेका छन् (भट्टराई, २०६८, पृ. ६५) । प्रकृतिको शरणमा त्यहीँका वनस्पतिसँग श्रमको गीत गाउँदै दैनिक उपभोग्य सामानहरू बनाएर जीवन गुजारा गरिरहेका स्थानीयबासीहरूलाई विस्थापित गरिनु तिनको जातीय पहिचान र संस्कृतिको विस्थापन हो । नेपालको राजनीतिक सत्ताले यी कुरालाई हृदयमा मनन गर्न सकेको देखिँदैन । एकातिर विदेशप्रति मोह र वाध्यता सिर्जना गरिनु अर्कातिर भइरहेको कर्मपद्धतिमा आमूल परिवर्तन ल्याउने नाममा संरक्षण गरिनुपर्ने श्रमका स्वरूपहरू नष्ट हुने वातावरणीय हस्तक्षेप गरिनुले आदिवासीका स्थानीय सपना लुटिँदै गएको भाव प्रस्तुत कवितांशमा प्रकट भएको छ । यहाँ काठको ठुलो भाँडो समयको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ भने त्यो लुटिनु परम्परा लुटिनु हो । आधुनिक घडी संस्कृतिले समाजको प्राकृतिक जीवनशैलीलाई छिन्नभिन्न पारिदिएको यथार्थ कवितामा प्रकट भएको छ ।

कविताले उठाएको काठको भाँडोमा ठेकी पनि एउटा विम्ब हो, जसमा प्रकृति र जीवनको बाह्य बनोटका साथै अन्तरङ्ग बुनोटको सत्य समेत प्रतिबिम्बित भएको हुन्छ । ठेकी एउटा संस्कृति हो, यसले श्रमको विविधतालाई एकैठाउँमा उपस्थिति गरेको छ । ठेकीसँगै दुध, दही, मही र घिउको वासना कवितामा आलङ्कारिक रूपमा प्रकट भएको छ । यसले गाई-भैंसी पालनको संस्कृति लक्षित गरेको छ । घाँसपात र अनाजको आवश्यकताले प्राकृतिक जीवनपद्धतिको निरन्तरता र व्यापकतालाई यसैमा परिलक्षित गरेको छ । श्रमको अनेक रूप ठेकीभित्रै उपस्थित छ । यहाँ वनपैदावारबाट बाँच्न पनि नदिने र जमिन पनि सामन्ती सत्ताकै नियन्त्रणमा हुने राजनीतिक स्वार्थका कारण अन्योलमा परेका सीमान्तीयका आवाजलाई प्रस्तुत गरिएकाले यस कवितामा पर्यावरण र राजनीतिक दाउपेचको सन्दर्भ प्रकट भएको छ :

लखेटिएका यिनीहरूको कथा मेरो इतिहास
मेरो इतिहास यिनीहरूको कथा,
आह ! क्रूर समयले विवश
र षडयन्त्रले पराजित अब-
न त म चिउरीको बोट छोरीबेटीलाई दाइजो दिन सक्छु
न त म ठेकीआरी बनाएर यत्रो परिवार पाल्न सक्छु
न त म भीरमौरीको मह, पानीआँत र तीतेमाछामाथि
आफ्नो अधिकारको दाबी गर्न सक्छु !

(पृ. १५०)

उल्लिखित कवितांशमा इतिहाससँग वर्तमानको सांस्कृतिक विपर्यास या सामञ्जस्यको प्रकटीकरण भएको छ । नेपाली धरामा विभिन्न कालखण्डमा मानिसका स्थानीय परिवेश र जीवनपद्धतिसँग विस्थापनको षडयन्त्रको कथा जोडिँदै जोडिँदै आएको छ । एङ्गेल्सले आफ्नो ग्रन्थ 'प्रकृतिका द्वन्द्ववादहरू' मा प्रकृतिमाथिका प्रत्येक विजयसँगै अथाह पक्षहरू गुमाउने र त्यसले अनपेक्षित घटनाहरू हुनसक्ने कुरा प्रस्तुत गरेका छन् । मार्क्स र एङ्गेल्सका समयमा वातावरणीय समस्या सङ्कटका रूपमा आइनसकेको भए पनि सहरीकरण र त्यसले निम्त्याएको सङ्कट भने प्रारम्भ भइसकेको देखिन्छ । मार्क्स र एङ्गेल्सले उत्पादनका साधन र

स्वामित्वको असन्तुलित वितरणबाटै प्रकृतिमा सङ्कट आउने भविष्यवाणी गरेका थिए भने त्यो भविष्यवाणी सत्य पनि साबित भएको छ (भट्टराई, २०६८, पृ. ६३-६५) । त्यस यताका समाजवादीहरूले पनि पुँजीवादी शोषण र सहरीकरण नै वातावरणीय समस्याको मूलपक्ष भएको ठहर गरेका छन् ।

मानिसका निम्ति प्रकृतिको स्वतन्त्र सत्ताको अर्थ त्यतिखेर मात्र हुन्छ, जतिखेर उसले प्रकृतिको सही उपभोग गर्न सिक्छ । कवितांशमा 'चिउरीको बोट' आदिवासी संस्कृतिको प्रतीकको रूपमा प्रस्तुत भएको छ । आधुनिकताको बजारमुखी व्यवस्था र जीवनशैलीमा छोरीलाई दिइने दाइजोको स्वरूप त्यसरी नै उपभोग संस्कृतिको पक्षपोषणशैलीमा निर्माण भइरहेका वेला 'चिउरीको बोट' प्रकृति सापेक्ष जीवनपद्धतिका निम्ति अभिप्रेरणाका रूपमा आएको छ । चिउरीको बोट दाइजो दिनु भनेको जन्मघर र जमिनसँगको निकटतालाई बचाइरहनु पनि हो ।प्राकृतिक वस्तुलाई प्रकृतिकै नियमअनुकूल प्राकृतिक श्रमको प्रयोगबाट उत्पादन गरी मानिसका आवश्यकताको पूर्ति गरेर नै मानिसले प्रकृतिको अर्थ दिन्छ (बटनर, सन् १९८३, पृ. ३५) । स्वस्थ जीवनका निम्न चिउरीको बोट फलफूलकेन्द्री दैनिकीको सूचक पनि हो । चिउरीको घिउ वनस्पति पैदावारका रूपमा आयको स्रोत पनि हुने गर्दछ । जनजातिहरूले चिउरीफलको रक्सी बनाई जीवीकोपार्जन गर्ने परम्परा छ । यसरी नै आयको अर्को स्रोत काठको ठेकीसँग पशुपालन, खेतीबारी लगायतका श्रम र अर्थका सम्बन्ध जोडिएर आएका हुन्छन् । भीरमौरीको मह, पानीआँत र तीतेमाछा स्थानीय पहिचानका सांस्कृतिक जीवनका आधारहरू हुन्, जसमाथि विश्वबजारले हस्तक्षेप गरिसक्यो । कवितामा यसरी सङ्कटग्रस्त भइरहेको प्रकृति, संस्कृति र जीवनका पक्षमा विद्रोह प्रकट भएको छ । श्रम आफैमा प्रकृति र संस्कृति दुवै होइन, तर यसमा प्रकृति र संस्कृति दुवै तत्त्व समाहित भएको हुन्छ ।

प्रस्तुत कवितांशमा आदिवासी संस्कृतिमा जमिन र रुखपातले कसरी मानिसलाई समाजसँग जोडेर राखेको हुन्छ भन्ने सांस्कृतिक आधार प्रस्तुत गरेको छ । प्रकृतिले मानिसका यस्ता क्रियाकलापलाई तुरुन्तै कुनै प्रतिक्रिया दिन नसक्ला तथापि प्राकृतिक प्रकोपहरूले वेलाबखत पार पाउनै कठिन हुने किसिमका घटना दुर्घटनाका सिकार भएर मानिसले पनि ठूलो आघात सहनु परिरहेकै छ । प्रकोपका वेला कविहरू मानवीय पीडाले बढी संवेदनशील बन्दछन् । कवि काइँलाले प्रयोग गर्ने प्रकोपको स्वरूप व्यापक अर्थमा प्रयुक्त छ । यहाँ कविताको एउटा अंश प्रस्तुत गरिएको छ :

खप्न सकेनौँ एकले अर्काको उपस्थिति,
अस्वीकारको ठक्करले ठक्कर दिँदै ठक्करले ठक्कर
सल्क्यो मन साँघुरो ठोक्किँदै द्वेष र हिँसाको झिल्काले
र समय र जीवनको भूगोल ढाक्यो...
इन्द्रचोक, वसन्तपुर, नयाँसडक,
संस्कृति, सम्पदा, सभ्यता
शताब्दीऔँदेखिको मनुष्यता र
मानव उपलब्धिको लेखाजोखाको ठडिएको अग्लो लिङ्गो...।

... पानी...पानी...पानी
वाग्मती लहरले उठेर बर्सिदेऊ... (पृ. १५४-१५५)

उल्लिखित कवितांशमा वर्तमान मानिसका अहम् र यसको आन्तरिक-बाह्य ठक्करमा अल्झिरहेको शताब्दीदेखिको मनुष्यतालाई सम्बोधन गरिएको छ । एकताको सङ्कटले छिन्नभिन्न हुँदै गएको परिवेशमा मानिस आफूआफूमै द्वन्द्वग्रस्त छ । उसको द्वन्द्वमा प्रकृति र संस्कृति दुवैको अवसान निश्चित छ भन्ने थाह हुँदाहुँदै पनि आजको विश्वलाई सम्पदाविहीन बनाउने खेल जारी छ । यहाँ कवि पानीको आह्वान गरी वाग्मतीप्रतिको सांस्कृतिक विश्वास जगाएर समस्याबाट मुक्तिको अभिलाषा राख्छन् । शिवलिङ्गलाई मानिसका उपलब्धिको लेखाजोखा राख्ने भनेर सम्मान प्रकट गर्दै यहाँ आजको प्रकोपको नयाँ बिम्बप्रस्तुत गरिएको छ । मानिसका निम्ति मात्र होइन, सारा पर्यावरणका निम्ति मानिस नै शत्रु हो, जीवनका विपक्षमा उभिएको उसको क्रियाकलाप हो भन्ने भाव कवितामा स्पष्ट भएको छ ।

पृथ्वीमा जन्मे हुर्केका मानव र मानवेतर प्राणीका आआफ्नै अन्तर्निहित मूल्य हुने तथा मान्छेका उपयोगका आधारमा नभई ती स्वयंको स्वतन्त्र अस्तित्व रहने मान्यता गहन पर्यावरणीय चिन्तनमा रहेको छ । यस सन्दर्भमा वैरागी काइँलाको एउटा कवितांश यहाँ प्रस्तुत गरी विश्लेषण गरिएको छ :

को आयो पराई र नचाहिँदा पनि नचाहिँदो लिएर
रित्तो पार्‍यो सुन्दर प्रकृति !
अतिक्रमणकारीले
हाम्रो भूमि, वन-जङ्गल र पानीमाथि
र स्वतन्त्र बाँच्ने हाम्रो अधिकारमाथि
हाम्रो पन्छीको ईँ मुक्त उडान नियन्त्रण गर्‍यो ?
आफ्नो विधिले वनपाले भएर
जङ्गलमा पस्न नदिन द्वारमा उभियो ?
को आततायी आएर हामीलाई प्रकृतिबाट टाढा बनायो ?
(पृ.१४७)

उल्लिखित कवितांशमा राजनीतिक कारणले विस्थापित हुनपुगेका आदिवासीको बसोबास र त्यसबाट सिर्जित सांस्कृतिक विखण्डनका विषयमा प्रश्न उठाइएको छ । आदिवासी संस्कृतिमा मनुष्य जीवन एकदम सादा रहेको हुन्छ । यी उपयोगितावादी भएर पनि बाँच र बाँच्न देऊको सामूहिक भावनाका धनी हुन्छन् (पी.एस., सन् २०१२, पृ. २५४) । पर्यावरणीय समस्याका कारण सबैभन्दा बढी प्रभावित भएको स्थानीय परिवेश र त्यहाँका रैथानेहरूको सङ्कटपूर्ण अवस्था भयप्रद बन्दै गएको भाव प्रस्तुत कवितांशमा प्रकट भएको छ । ठुला ठुला उद्योग र कलकारखाना, यातायात लगायतका क्षेत्रले फाल्ने धुवाँको मार विश्वका गरिब र अविकसित देशमा परेको छ (गिडेन्स, सन् २०११, पृ. १८) । सम्पन्न वर्गले प्रयोगमा ल्याइरहेका

अत्यधिक उपभोक्तावादी संस्कृति र विलासिताकेन्द्री जीवनकै कारण आम मानिसहरू पर्यावरणीय समस्याले सताइएका छन् । विश्वव्यापी रूपमा देखिएको आर्थिक असमानताका कारण गरिब र विकासशील राष्ट्रले राष्ट्रिय उत्पादनको विकास गर्न सकिरहेको छैन । यसले गर्दा विकसित राष्ट्रको पुँजीवादी नीतिले गरिब राष्ट्रका पनि गरिब तथा सर्वहारा वर्गको जीवनशैली कष्टकर बनिरहेको र पर्यावरणीय समस्या चर्किरहेको विचार मार्क्सवादी पर्यावरणको छ । विकसित औद्योगिक राष्ट्रको तुलनामा तेस्रो विश्वको वातावरण विनाशको क्रम तीव्र भइरहेको छ ।

विशेषतः एसियाली र अफ्रिकी देशहरूमा पर्यावरणीय विनाशले जमिनलाई मरुभूमीकरणतिर धकेलिरहेको छ । यहाँ प्रकृतिको मात्र होइन, निम्न वर्गीयका जीवन पनि सङ्कटमा परेको छ । गरिबीसँग पर्यावरणीय अन्तर्निर्भरताको गहिरो सम्बन्ध रहेको वास्तविकतालाई आधार बनाई मार्क्सवादी चिन्तकहरूले पर्यावरणीय पक्षको चिन्तन आरम्भ गरेका हुन् । मार्क्सवादले पुँजीवादको विरोध गर्ने क्रममा श्रम र उत्पादन सधैँ नाफामुखी हुने हुँदा वातावरण प्रदूषित हुनमा सामाजिक असमानता र जीवनयापनको स्रोतका रूपमा मान्छेको प्रकृतिसितको अन्योन्याश्रित सम्बन्धबारे चर्चा गरेको छ ।

मानिसलाई जीवन निर्वाहका लागि आवश्यक पर्ने अत्यावश्यकीय कुराबाहेक भौतिक तथा जैविक विविधतामाथि हस्तक्षेप र नियन्त्रण गर्ने अधिकार नहुने कुरा गहन पर्यावरणको विषय क्षेत्रभित्र रहेको छ । यस मान्यताको विपरीत भइरहेका दोहन र असमानताप्रति उल्लिखित कविताांशमा स्थानीय परिवेशमाथि धावा बोल्ने र विजेता बन्ने रहर पालेका अहंकारी क्रूरताप्रति खेद प्रकट भएको छ । आक्रमणकारीले आदिवासीलाई मात्र होइन, आदिवासी प्रकृतिलाई समेत न्याय नगर्ने प्रवृत्तिप्रति कविले विरोध गरेका छन् । यहाँ वनजङ्गल, जमिन, पानी जीवनका प्राकृतिक आधारहरूमा राजनीति गरेर सहरीकरणको नाममा भइरहेका फडानी र भ्रष्टता असह्य भएको भाव अभिव्यक्त छ । वनरक्षाका नाममा ल्याइएका विधि र त्यसकै आडमा वनपालेहरूका कारण आफ्नै भूमिमा पराया भएर बाँच्नुपरेका नागरिकका मर्मलाई कवितामा अभिव्यञ्जित गरिएको छ ।

## निष्कर्ष

वैरागी काइँलाका कविताहरू पर्यावरणीय दृष्टिबाट अध्ययन गर्नका निम्ति निकै उपयुक्त रहेका छन् । उनका कवितामा मानिस, प्रकृति र प्राणीका समष्टिमा सृष्टिको अमरत्व रहने विषयमा गहन भाव प्रकट भएको पाइन्छ । उपभोक्तावादी यान्त्रिक जीवनपद्धतिले वर्तमान मानिसका जीवनलाई निस्सार बनाउँदै लगेकाले हिंसा, आतङ्क, पलायन र विस्थापनका समस्याले भूमिहीन र पहिचानहीन बाँच्न विवश वर्गका समस्यालाई काइँलाका कविताले वैश्विक परिस्थितिका सन्दर्भबाट व्यापक अर्थमा सम्बोधन गरेका पाइएका छन् । उनका कविताहरू मध्ये 'शरणार्थी विचार र मालीगाउँमा चितुवा' पर्यावरणीय सङ्कट र विस्थापनका समस्याका दृष्टिले निकै शक्तिशाली कविता रहेको छ । यसरी नै 'वाग्मती लहरले उठेर बर्सिदेऊ', 'गङ्गा निलो बग्छ', 'बाँकी प्रश्नहरू', 'अभिशप्त पहाड र अविरल बग्ने लिजियाङ नदी', 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव', 'हाट भर्ने मानिस', 'एकान्तको अजिङ्गर' लगायतका कविताहरू वर्तमान विश्वको विध्वंसात्मक प्रवृत्ति,

बजारीकरण, भूमण्डलीकरण, राजनीतिक स्वार्थ, यात्रिकता, स्थानीय परिवेश र प्रकृतिसँगको विच्छेदनले ल्याएका समस्यामाथि केन्द्रित भएर रचना गरिएका अब्बल कविताहरू हुन् । आदिवासी चेतना र जमिनको स्वामित्वसम्बन्धी चेतना उनका कवितामा विस्तृत रूपमा आएका छन् । आदिवासी महिला र प्रकृतिको सम्बन्धलाई उनका कविताले सूक्ष्मतापूर्वक उठान गरेको छ । शिल्पगत आधारमा कवि काइँलाका कविताहरू प्रयोगपरक र आकर्षक रहेका छन् । उनका कविताहरू पर्यावरणीय अध्ययनका निम्ति संस्कृति र प्राकृतिक जीवनपद्धतिका पक्षमा चिन्तन गरिएका स्थानीय भाषा, परिधान र सहअस्तित्वका विकसित चेतनाका कविता हुन् भन्ने निष्कर्ष पर्यावरणीय समालोचना सिद्धान्तमा आधारित यस अध्ययनबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्री


जोशी, अम्मराज (सन् २००९). *द इकोलोजिकल म्युज : इन्भाइरोमेन्ट एन्ड लिटरेरी क्रियसन* (विद्यावारिधि शोधप्रबन्ध). केन्द्रीय अङ्ग्रेजी विभाग, त्रिभुवन विश्वविद्यालय ।

जोशी, पूरनचंद (१९९५). *अवधारणाओं का संकट.* राजकमल प्रकाशन ।

त्रिपाठी, गीता (२०७४). *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* (विद्यावारिधि शोधप्रबन्ध), केन्द्रीय नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय ।

पी.एस.,इन्दु (सन् २०१२). *समकालीन हिन्दी उपन्यासों में पारिस्थितिक सजगता का अध्ययन.* (विद्यावारिधि शोध). विज्ञान तथा प्रविधि विभाग, कोचिन विश्वविद्यालय ।

भट्टराई, रमेश (२०६८). *पर्यावरणीय सङ्कट र सांस्कृतिक नीति.* अभिज्ञान. १(२), पृ. ६२-६८ ।

भरुचा, इराक (सन् २०१५). *पर्यावरण अध्ययन* (दो.संस्क.). ओरिएन्ट ब्ल्याकस्वान प्राइवेट लिमिटेड ।

वनजा, के. (सन् २०११). *साहित्यका पारिस्थितिक दर्शन.* वाणी प्रकाशन ।

वैरागी, काइँला (२०७६). *वैरागी काइँलाका सङ्कलित कविता.* फिनिक्स बुक्स ।

Bottomore, T. (Ed.). (1983). *A dictionary of marxist thought.* Blackwell Publishers Ltd.

Giddens, A. (2011). *Literature and globalization* (Liam Connell and Nicola Marsh, Eds.). Routledge.

Glotfelty, C. and Fromm, H.(Eds.). (1996). *The ecocriticism reader : landmarks in literary ecology.* University of Georgia Press.

Kerridge, R. (2006). (Patricia Waugh,ed). Oxford University Press.